## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मन्थली, रामेछापका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०१/१६ गते बुधबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, मन्थली, रामेछापमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात् मिति २०८३/०२/२७ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, मन्थली, रामेछापमा** दिनको ठीक तीन बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**१ क. ऋणी तथा जमानतकर्ताको विवरणः**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/१०/१९ मा दर्ता नं. १६२९३९/०७३/०७४ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट मिति २०७३/१०/२४ (मु.अ.कर मिति २०७३/१०/२४) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६००६२२६ को प्रमाणपत्र प्राप्त : **ए.डि.एस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** ।

**रजिष्टर्ड ठेगाना :** रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. १ (साविक मन्थली न.पा वडा नं. २, मन्थली ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : अनन्त थापा**<br>(ना.प्र.नं. २११०३०/८१३/९४२६, जारी मिति २०६४/०१/१६, जि.प्र.का. रामेछाप) ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. १ (साविक मन्थली न.पा. वडा नं. ६) । बाबु : भोला बहादुर थापा । बाजे : कटक बहादुर थापा । | **जमानतकर्ता : यशोदा (कटुवाल) थापा**<br>(ना.प्र.नं. २११०३०/७७४१, जारी मिति २०६५/०८/२९, जि.प्र.का. रामेछाप) ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. १ (साविक मन्थली न.पा. वडा नं. ६) । ससुरो : भोला बहादुर थापा । पति : अनन्त थापा । |

**ख. लिलाम बिक्रीहुने सम्पत्तिको विवरण :**

१. जमानतकर्ता **यसोदा (कटुवाल) थापा** को नाममा मालपोत कार्यालय मन्थली रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला भलुवाजोर गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४क स्थित कित्ता नं. २४१२र २४११ क्षेत्रफल ०-८-०-० र ०-८-०-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१

२. ऋणी **ए.डि.एस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ तथा **शाखा कार्यालय मन्थली रामेछापबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाकगमा र **शाखा कार्यालय मन्थली, रामेछापमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x23